बैठक नं.१५

आज मिति २०७९/१२/३० गतेका दिन यस बुटवल उपमहानगरपालिकाका प्रमुख श्री खेलराज पाण्डेयज्यूको अध्यक्षता र देहायका नगरकार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : दिनको २ बजे ।

स्थान : बुटवल उपमहानगरपालिका, नगरकार्यपालिका हल ।

उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | खेलराज पाण्डेय | प्रमुख | |
| २ | सावित्रादेवी अर्याल | उपप्रमुख | |
| ३ | नरेन्द्र बस्नेत | सदस्य | |
| ४ | सुनिल शाक्य | सदस्य | |
| ५ | विष्णु ढकाल | सदस्य | |
| ६ | नरिश्वर शर्मा | सदस्य | |
| ७ | हरि प्रसाद श्रेष्ठ | सदस्य | |
| ८ | लोकनाथ न्यौपाने | सदस्य | |
| ९ | पदमराज गाहा | सदस्य | |
| १० | यज्ञ प्रसाद पंगेनी | सदस्य | |
| ११ | प्रदिपकुमार श्रेष्ठ | सदस्य | |
| १२ | बल बहादुर पुन मगर | सदस्य | |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १४ | डिल्ली प्रसाद शर्मा उपाध्याय | सदस्य | |
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | शिव राना | सदस्य | |
| १८ | कृष्ण प्रसाद पौडेल | सदस्य | |
| १९ | ज्ञान बहादुर रेश्मी | सदस्य | |
| २० | गुरु प्रसाद पंगेनी | सदस्य | |
| २१ | चन्द्रसिंह थापा मगर | सदस्य | |
| २२ | निलम गौतम | सदस्य | |
| २३ | कृष्ण बहादुर सुनार | सदस्य | |
| २४ | बसन्ती वि.क. | सदस्य | |
| २५ | रिना भुसाल | सदस्य | |
| २६ | सुनिता खड्लुक | सदस्य | |
| २७ | राधादेवी पौडेल | सदस्य | |
| २८ | यम बहादुर सुनार | सदस्य | |
| २९ | हेमा थामी | सदस्य | |
| ३० | टेकराज पन्थी | प्रमुख प्रशासकीय अधिकृत | |

विर बहादुर तमाङ - का.वा. वडाध्यक्ष - ८
[illegible] का.ना. वडाध्यक्ष - ९
मायादेवी दमाई - का.वा. वडाध्यक्ष - ११
अरुण कुमार [illegible] - का.वा. वडाध्यक्ष - ४

मिति २०७९।१२।१३ मा बसेको अघिल्लो बैठकको समीक्षा सम्बन्धमा ।

- गौशाला व्यवस्थापन तथा संचालन कार्यविधि, २०७९ टेवुल गरिएको ।
- नगर प्रमुख स्वास्थ्य शिशु कार्यक्रम संचालन निर्देशिका, २०७९ टेवुल गरिएको ।
- टोल विकास संस्था गठन तथा परिचालन निर्देशिका, २०७६ माथि संशोधन गरी स्थानीय राजपत्रमा समेत प्रकाशन भइसकेको ।
- एच.आइ.भी./एड्स कार्यक्रम सम्बन्धी कार्यविधि, २०७९ टेवुल गरिएको ।
- ठेला व्यवसायलाई व्यवस्थित गर्ने सम्बन्धी कार्यविधि, २०७९ टेवुल गरिएको ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०७९ टेवुल गरिएको ।
- जलस्रोत कार्यविधि तयारीका लागि वडा नं.१२ का वडाध्यक्ष श्री डिल्लीप्रसाद उपाध्यायको संयोजकत्वमा कार्यदल गठन गरिएको र उक्त कार्यदलबाट प्राप्त हुन आएको कार्यविधि यसै बैठकमा प्रस्तुत हुदै गरेको ।
- गृहणी महिला स्वरोजगार कार्यक्रम संचालन कार्यविधि तयारीका लागि वडा नं.१५ का वडाध्यक्ष एवं प्रवक्ता श्री शिव रानाको संयोजकत्वमा कार्यदल गठन गरिएको र उक्त कार्यदलबाट प्राप्त हुन आएको कार्यविधि यसै बैठकमा प्रस्तुत हुदै गरेको ।
- साविकको सुकुम्वासी आयोगबाट नापनक्सा तयार भइसकेको तर केही जग्गाको मात्र लालपूर्जा लिन बाँकी रहेका वडा नं.३, ६, ७, ८ र १२ मा अवस्थित अव्यवस्थित बसोवासीहरुको लालपूर्जा प्राप्तिका लागि राष्ट्रिय भुमि आयोग जिल्ला समिति रुपन्देहीमा सिफारिस गर्ने गरी निर्णय लिइएको ।
- नागरिक वडापत्र प्रकाशन गर्ने गरी निर्णय लिइएको ।
- सडक वोर्ड नेपालमा स्वीकृतिका लागि छनौट गरी पठाइएका आयोजनाहरु अनुमोदन गरिएको ।
- २०७९ चैत्र १५ गते सम्म आयोजनाहरुको सम्झौता गर्ने गरी भएको निर्णय अनुमोदन गरिएको ।
- वडा नं.१० स्थित अभियानपथ सडकको सम्झौताको अवधि थप गरी निर्माण कार्यको निरन्तरता दिने गरी भएको निर्णय अनुमोदन गरिएको ।
- चौतारी निर्माणको लागि आवश्यक बजेट विनियोजन गरिएको ।
- मिति २०७९।१२।२३ र २४ अर्थात April 6-7, 2023 मा भारतको नयाँ दिल्लीमा भएको Asian cities summit and mayor Forum मा भाग लिन जाने गरी प्रमुखज्यूलाई मनोनयन गरिएको ।
- क्रिकेट खेलाडीलाई सम्मान स्वरुप केही आर्थिक सहयोग गरिएको ।
- बैशाख ७ गतेका दिनमा मनाइदै आएको जितगढी उत्सव दिवसको अवसरमा यस पटक नेपाली सेनाले उक्त जितगढी किल्ला हस्तान्तरण गर्ने समेत कार्यक्रम रहेको हुँदा उक्त कार्यक्रममा सम्माननीय राष्ट्रपतिज्यूलाई निमन्त्रणा गर्ने र सो कार्यक्रमलाई आवश्यक पर्ने खर्च रु.१५ लाख विनियोजन गर्ने गरी निर्णय लिइएको ।
- सङ्घीय तथा प्रदेश सरकारबाट प्राप्त आ.व.०७९/०८० को खर्च कटौती मापदण्डलाई आधार मानी सोही बमोजिम कार्यक्रमहरुको खर्च कटौती तथा बजेट रोक्का गर्ने निर्णय लिइएको ।

- केही संस्था तथा व्यक्तिहरुलाई केही सहयोग उपलब्ध गराउने गरी निर्णय लिइएको ।
- आदिवासी जनजाति उत्थान नगर समन्वय समितिको सहसंयोजक लैङ्गिक एवं मूल प्रवाहीकरण र पछाडि पारिएका व्यक्ति वर्ग समूदायको हित प्रवर्धन गर्ने सम्बन्धी कार्यविधि, २०७५ मा भएको व्यवस्था बमोजिमको समितिमा बुटवल-६ निवासी श्री ओमी पुनलाई सहसंयोजकमा मनोनयन गर्ने गरी निर्णय लिइएको ।

**प्रस्ताव नं.१५.१**
**जितगढी उत्सव मनाउने सम्बन्धमा ।**
**निर्णय नं.१५.१**

मिति २०८० साल वैशाख ७ गतेका दिन सदाभै विशेष जितगढी उत्सव दिवस मनाउने गरी आएको भए तापनि यस पटक जितगढी उत्सवको अवसरमा सम्माननीय राष्ट्रपतिज्यूको प्रमुख आतिथ्यतामा नेपाली सेनाले उक्त जितगढी किल्ला बुटवल उपमहानगरपालिकालाई हस्तान्तरण गर्ने कार्यक्रम रहेको र सो कार्यक्रमलाई औपचारिक कार्यक्रमको शैलीमा सभ्य र भव्य रुपमा अगाडि बढाउनुपर्ने भएको हुँदा देहाय बमोजिम हुने गरी निमन्त्रणा गर्ने व्यवस्था मिलाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरिएको ।

(क)

| | |
|---|---|
| प्रमुख, बुटवल उपमहानगरपालिका | -अध्यक्षता |
| सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलज्यू | -प्रमुख अतिथि |
| उपप्रधान एवं रक्षामन्त्री माननीय पूर्ण बहाद्बुर खड्काज्यू | -अतिथि |
| माननीय प्रदेश प्रमुख अमिक शेरचनज्यू | -अतिथि |
| माननीय मुख्यमन्त्री लिला गिरीज्यू | -अतिथि |
| पूर्व उपप्रधान एवं अर्थमन्त्री माननीय विष्णु पौडेलज्यू | -अतिथि |
| माननीय सुरेन्द्र आचार्यज्यू, सदस्य प्रतिनिधिसभा | -अतिथि |
| पूर्व गृहमन्त्री श्री वालकृष्ण खाणज्यू | -अतिथि |
| प्रधान सेनापति | -अतिथि |

(ख) जिल्ला समन्वय समिति रुपन्देही र पालिकाका प्रमुखहरु, प्रमुख जिल्ला अधिकारीहरु रुपन्देही र पाल्पाका जिल्ला सुरक्षा समितिका प्रमुखहरु ५/५, रुपन्देही जिल्ला स्थित नगरपालिकाहरु, तानसेन न.पा. र गाउँपालिकाहरुका प्रमुख एवं अध्यक्षहरु, तिनाउ गाउँपालिका पाल्पाका अध्यक्ष समेत ।

(ग) नगरस्तरीय राजनैतिक दलका प्रमुख एवं प्रतिनिधिहरु, पूर्व प्रमुख, उपप्रमुखहरु, बुटवलस्थित सरकारी कार्यालयका कार्यालय प्रमुखहरु, व्यवसायिक संघसंस्थाका प्रमुखहरु एवं शैक्षिक संस्थाका व्यवस्थापन समितिका अध्यक्षहरु, उपमहानगरपालिकाका जनप्रतिनिधिहरु सबै, संचारकर्मीहरु,वन उपभोक्ता समितिका अध्यक्षहरु, खानेपानी उपभोक्ता समितिका अध्यक्षहरु र पार्कका अध्यक्षहरु समेत ।

**प्रस्ताव नं.१५.२**
**गौशाला व्यवस्थापन तथा संचालन कार्यविधि, २०७९ स्वीकृत सम्बन्धमा ।**
**निर्णय नं.१५.२**
मिति २०७९।१२।१३ मा बसेको बैठकको निर्णय नं.१४.१ अन्तर्गत टेवुल भएको गौशाला व्यवस्थापन तथा संचालन कार्यविधि माथि दफावार छलफल गरियो । प्रस्तुत कार्यविधिको सन्दर्भमा आजको बैठकमा छलफलमा उठेका विषयहरुलाई तत तत् दफा उपदफाहरुमा समावेश गर्ने गरी उल्लेखित कार्यविधि आवश्यक समेत भएको हुँदा स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.१५.३**
**नगर प्रमुख स्वास्थ्य शिशु कार्यक्रम संचालन निर्देशिका, २०७९ स्वीकृत सम्बन्धमा ।**
**निर्णय नं.१५.३**
मिति २०७९।१२।१३ मा बसेको बैठकको निर्णय नं.१४.२ अन्तर्गत टेवुल भएको नगर प्रमुख स्वास्थ्य शिशु कार्यक्रम संचालन निर्देशिका माथि दफावार छलफल गरियो । प्रस्तुत निर्देशिकाको सन्दर्भमा आजको बैठकमा छलफलमा उठेका विषयहरुलाई तत् तत् दफा उपदफाहरुमा समावेश गर्ने गरी उल्लेखित निर्देशिका आवश्यक समेत भएको हुँदा स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.१५.४**
**एच.आई.भी./एड्स कार्यक्रम सम्बन्धी कार्यविधि, २०७९ स्वीकृत सम्बन्धमा ।**
**निर्णय नं.१५.४**
मिति २०७९।१२।१३ मा बसेको बैठकको निर्णय नं.१४.४ अन्तर्गत टेवुल भएको एच.आई.भी./एड्स कार्यक्रम सम्बन्धी कार्यविधि माथि दफावार छलफल गरियो । प्रस्तुत कार्यविधिको सन्दर्भमा आजको बैठकमा छलफलमा उठेका विषयहरुलाई तत् तत् दफा उपदफाहरुमा समावेश गर्ने गरी उल्लेखित कार्यविधि आवश्यक समेत भएको हुँदा स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.१५.५**
**ठेला व्यवसायलाई व्यवस्थित गर्ने सम्बन्धी कार्यविधि, २०७९ स्वीकृत सम्बन्धमा ।**
**निर्णय नं.१५.५**
मिति २०७९।१२।१३ मा बसेको बैठकको निर्णय नं.१४.५ अन्तर्गत टेवुल भएको ठेला व्यवसायलाई व्यवस्थित गर्ने सम्बन्धी कार्यविधि माथि दफावार छलफल गरियो । प्रस्तुत कार्यविधिको सन्दर्भमा आजको बैठकमा छलफलमा उठेका विषयहरुलाई तत् तत् दफा उपदफाहरुमा समावेश गर्ने गरी उल्लेखित कार्यविधि आवश्यक समेत भएको हुँदा स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.१५.६**
**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति छलफलका लागि आगामी नगरसभामा पेश गर्ने गरी स्वीकृत गर्ने सम्बन्धमा ।**
**निर्णय नं.१५.६**

मिति २०७९।१२।१३ मा बसेको बैठकको निर्णय नं.१४.६ अन्तर्गत टेवुल भएको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति माथि दफावार छलफल गरियो । आजको छलफलमा उठेका विषयबस्तुहरुलाई समेत समावेश गरी उक्त नीति आगामी नगरसभामा छलफलका लागि पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.१५.७**

**प्रदेश समपुरक अनुदान अन्तर्गत स्वीकृतिका लागि छनौट गरिएका आयोजनाहरु अनुमोदन सम्बन्धमा ।**

**निर्णय नं.१५.७**

लुम्बिनी प्रदेश सरकार आर्थिक मामिला मन्त्रालय राप्ती उपत्यका (देउखुरी), दाङ नेपालको स्थानीय तहमा आगामी आर्थिक वर्ष २०८०/०८१ का लागि समपुरक अनुदानका आयोजना/कार्यक्रम प्रस्ताव आव्हान सम्बन्धी मिति २०७९।१२।०८ गतेको सूचना अनुसार प्रदेश समपुरक अनुदान व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि,२०७८ मा व्यवस्था भए बमोजिम पूर्वाधार विकास सम्बन्धी आयोजना/कार्यक्रम कार्यान्वयन एंव निर्माण गर्नको लागि लागत साझेदारीको योजना तथा बजेट माग गर्न वाञ्छनीय देखिएकोले लुम्बिनी प्रदेश सरकार आर्थिक मामिला मन्त्रालय राप्ती उपत्यका (देउखुरी), दाङ नेपालमा देहाय बमोजिमका समपुरक अनुदान अन्तर्गत आयोजना छनौट गरी समपुरक अनुदानको आयोजनामा कम्तीमा ५० प्रतिशत लागत साझेदारी गर्ने प्रतिबद्धता सहितको प्रस्ताव पठाउने भनी मिति २०७९।१२।२९ मा भएको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

| क.सं. | आयोजनाको नाम | वडा नं. | लागत अनुमान रु. |
|---|---|---|---|
| १ | तामनगर दानवपुल देखि हिरापुरसम्मको सडक नाली,फुटपाथ सहित सडक स्तरोन्नती । | बुटवल- १५ र १६ | २५०,००,०००।०० |
| २ | गलामी पथ नाली फुटपाथ सहित सडक स्तरोन्नती | बुटवल - ११ | २५०,००,०००।०० |
| ३ | नयां गाउं मा.वि. भवन निर्माण | बुटवल - १२ | १००,४३,२४१।७२ |

**प्रस्ताव नं.१५.८**

**खरिद सम्झौताको अवधि थप सम्बन्धमा ।**

**निर्णय नं.१५.८**

गत आ.व. २०७८।०७९ मा स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत ठेक्का प्रक्रिया मार्फत कार्यान्वयन भएको तर विभिन्न कारणले सम्पन्न हुन नसकेको बुटवल उपमहानगरपालिका वडा नं. ११ स्थित ठेक्का नं. १३/०७८/०७९ **रंगशालामार्ग फुटपाथ नाली सहित सडक विस्तार कार्य**को कार्यालयबाट थप व्ययभार नहुने गरी बुटवल उपमहानगरपालिकाको सार्वजनिक खरिद नियमावली,२०७७ को नियम १२९ को उपनियम ३ मा व्यवस्था भए बमोजिम उपनियम २ बमोजिम जांचबुझ गर्दा निवेदनमा उल्लेखित कारण मनासिब देखिएमा ६ महिना सम्मको अवधि

बोलपत्र स्वीकृत गर्ने अधिकारी र सो भन्दा बढी अवधिको कार्यपालिकाले गर्न सक्नेछ भन्ने व्यवस्था रहेकोले मिति २०८०।०२।१५ गतेसम्म खरिद सम्झौताको अवधि थप गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.१५.९**

**बुटवल उपमहानगरपालिकाको जलस्रोत उपयोग सम्बन्धी कार्यविधि, २०७९ माथि छलफल एवं स्वीकृत सम्बन्धमा ।**

निर्णय नं.१५.९

मिति २०७९।१२।१३ मा बसेको नगरकार्यपालिकाको बैठकबाट गठित कार्यदलले तयार गरी कार्यालय मार्फत आजको बैठकमा पेश हुन आएको जलस्रोत उपयोग सम्बन्धी कार्यविधि, २०७९ माथि दफावार छलफल गरियो । उक्त कार्यविधि उपमहानगरपालिकाको लागि अत्यावश्यक समेत भएको हुँदा स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.१५.१०**

**गृहणी महिला स्वरोजगार कार्यक्रम कार्यविधि, २०७९ माथि छलफल एवं स्वीकृत सम्बन्धमा ।**

निर्णय नं.१५.१०

मिति २०७९।१२।१३ मा बसेको नगरकार्यपालिकाको बैठकबाट गठित कार्यदलले तयार गरी आजको बैठकमा पेश हुन आएको गृहणी महिला स्वरोजगार कार्यक्रम कार्यविधि, २०७९ माथि दफावार छलफल गरियो । उक्त कार्यविधि उपमहानगरपालिकाको लागि अत्यावश्यक समेत भएको हुँदा स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.१५.१० विविध ।**

**प्रस्ताव नं.१५.१०.१**

**स्वास्थ्य लाभ सम्बन्धमा ।**

निर्णय नं.१५.१०.१

**बुटवल उपमहानगरपालिका वडा नं.१ का वडाध्यक्ष एवं यस कार्यपालिकाका सदस्य श्री नरेन्द्र बस्नेत किडनी सम्बन्धी उपचारको सिलसिलामा निदान अस्पताल ललितपुरमा भर्ना भई उपचार गराईरहनु भएको हुँदा यो कार्यपालिका बैठक निजको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछ ।**

**प्रस्ताव नं.१५.१०.२**

**सहयोग सम्बन्धमा ।**

निर्णय नं.१५.१०.२

**विभिन्न संघसंस्था एवं व्यक्तिहरुबाट विभिन्न मितिहरुमा सहयोगका लागि माग भई आएका निवेदनहरु आजको बैठकमा प्रस्तुत भई छलफल हुँदा देहायका संघसंस्था एवं व्यक्तिहरुलाई देहाय बमोजिम सहयोग उपलब्ध गराउन मनासिव देखिएकोले देहाय बमोजिम सहयोग उपलब्ध गराउने निर्णय गरियो ।**